"समृद्ध नगर, सुखीनगरवासी"

फोन नं.०८७ -५५१०१३

# ठूलीभेरी नगरपालिका

**Thulibheri Municipality**

# नगर कार्यपालिकाको कार्यालय

**Office of The Municipal Executive**

जुफाल, डोल्पा

प्रमुख: ०८७- ५५१०१४

कर्णाली प्रदेश, नेपाल

प.सं. २०८०।०८१

मिति:-२०८०/०८/१५

## नगर प्रहरी सहायक निरिक्षक, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानको प्रारम्भिक स्वास्थ्य परीक्षण र शारिरिक तन्दुरुस्ती परिक्षण हुने बारे सूचना।

यस ठूलीभेरी नगरपालिकाको मिति २०८०/०८/०१ गतेको सूचना बमोजिम नगर प्रहरी सहायक निरिक्षक, नगर प्रहरी हवल्दार, नगर प्रहरी जवान पदको विज्ञापन नं. ०१-०५/२०८०-०८१ (खुल्ला समावेशी) मा दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको रोल नं. को क्रमानुसार प्रारम्भिक स्वास्थ्य परिक्षण र शारिरिक तन्दुरुस्ती परीक्षण परीक्षा तपसिल बमोजिम तोकिएको व्यहोरा अनुरोध छ। उम्मेदवारहरुले आफ्नो रोल नं. को क्रमानुसार पर्ने मिति समय र स्थानमा उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरु:

- उम्मेदवारले प्राप्त गरेको शैक्षिक प्रमाण-पत्रको सक्कल प्रति।
- नेपाली नागरिकताको सक्कल प्रमाण-पत्र।
- उम्मेदवारहरुले प्राप्त गरेको प्रवेश पत्र।

### परिक्षा कार्यक्रम

| मिति २०८०/०८/२६ गते प्रारम्भिक स्वास्थ्य परिक्षण र शारिरिक तन्दुरुस्ती परीक्षण | | |
|---|---|---|
| परिक्षा केन्द्र (स्थान) | समय | उम्मेदवार संख्या |
| ठूलीभेरी नगरपालिकाको कार्यालय जुफाल डोल्पा | विहान १० बजे देखि साझ ५ बजे सम्म | रोल नं. ००१ देखि ०२० सम्म (नगर प्रहरी जवान) |
| मिति २०८०/०८/२७ गते प्रारम्भिक स्वास्थ्य परिक्षण र शारिरिक तन्दुरुस्ती परीक्षण | | |
| परिक्षा केन्द्र (स्थान) | समय | उम्मेदवार संख्या |
| ठूलीभेरी नगरपालिकाको कार्यालय जुफाल डोल्पा | विहान १० बजे देखि साझ ५ बजे सम्म | रोल नं. ०२१ देखि ०२७ सम्म (नगर प्रहरी जवान) |
| | | रोल नं. ००१ देखि ०१३ सम्म (नगर प्रहरी हवल्दार) |
| | | रोल नं. ००१ देखि माथि सबै (नगर प्रहरी सहायक निरिक्षक) |

निर्देशन

१. परीक्षार्थीहरुले परीक्षा शुरु हुनुभन्दा १ घण्टा अगाडी परीक्षा स्थलमा उपस्थित हुनु पर्नेछ।

२. यस नगरपालिका बाट जारी गरिएका निर्देशिका एवम् आचारसंहिताको पालना गर्नु पदपूर्ति समिति विज्ञ सुपरीवेक्षक कर्मचारी तथा उम्मेदवारहरु सबैको कर्तव्य हुनेछ।



Scanned with CamScanner

प.सं. २०८०।०८१

३. नगर प्रहरी पदको पाठ्यक्रममा उल्लेख भए अनुसारको शारीरिक परीक्षण (उचाई छाती वजन आँखा परिक्षण Color Vision Test) तोकिएको मापदण्ड पुग्ने उम्मेदवारहरुले मात्र तन्दुरुस्ती परीक्षाको १००० मि. दौडमा भाग लिन पाउनेछन्

४. दौडिन सजिलो हुने खालको कपडा र जुत्ताको व्यवस्था गर्नुपर्ने भए उम्मेदवार स्वयम् ले गर्नुपर्नेछ।

५. १००० मिटरको दौडमा सफल हुने उम्मेदवारहरुले मात्र पुसअप, सिटअप, चिनअप, लमजम्प, हाइजम्प परीक्षामा भाग लिन पाउनेछन्

६. शारीरिक तन्दुरुस्ती परीक्षाको एक इभेन्टमा असफल हुने परीक्षार्थीलाई अर्को इभेन्टमा समावेश गरिने छैन् सबै इभेन्टहरमा सफल भएका उम्मेदवारहरुलाई मात्र द्धितिय चरणको लिखित परिक्षामा सम्मिलित गराइनेछ।

७. शारीरिक परिक्षाको दौरानमा उम्मेदवार दुर्घटनामा परेमा वा कुनै पनि किसिमको भवितव्य हुन गएमा उम्मेदवार स्वयम् जवाफदेही हुनेछ भनी कबुलियतनामा गर्नुपर्नेछ।

८. सफल उम्मेदवारहरुलाई सम्बन्धित कर्मचारीबाट प्रवेश प्रत्र प्रमाणित गरी दिइनेछ।

९. शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा हुने स्थानमा असम्बन्धित व्यक्तिलाई प्रवेश दिइने छैन।

१०. शारीरिक तन्दुरुस्ती परीक्षण हुने स्थानमा परीक्षार्थीहरुले आफ्नो सामानको सुरक्षा आफै गर्नुपर्नेछ। यदि कसैको केही सामान हराएमा वा हानी नोक्सानि भएमा कार्यालय जिम्मेवार हुने छैन।

११. शारीरिक तन्दुरुस्ती परीक्षण हुने स्थानमा उम्मेदवारले मोवाइल तथा अन्य विद्युतिय उपकरण ल्याउन पाइने छैन। शारीरिक तन्दुरुस्ती परीक्षणका कुनै पनि इभेन्टको तस्वीर खिच्ने भिडियो रेकर्डिङ गर्ने जस्ता कार्य गरेको पाइएमा सामान जफत गरी निजको उक्त परीक्षा रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

१२. शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षाको लागि तोकिएको मिति समय र स्थानमा कुनै प्राकृतिक विपत्ती तथा अन्य कुनै कारणबाट परीक्षा संचालन हुन नसकेमा वा संचालन भइरहेको परीक्षा स्थगित भएमा यस कार्यालयले निर्धारण गरे बमोजिमको मिति समय र स्थानमा परीक्षा संचालन हुनेछ।

१३. शारीरिक तन्दुरुस्ती परीक्षामा सफल हुने उम्मेदवारको नामावली सहितको लिखित परीक्षा कार्यक्रम पछी कार्यालयको वेवसाइट तथा सूचना पाटी मार्फत प्रकाशन गरिनेछ।

१४. प्रत्येक चरणको परीक्षा संचालन रोल नं. को क्रमानुसार गरिने छ।

१५. परीक्षा कार्यक्रम तोकिएको दिन सार्वजनिक विदा पर्न गएमा पनि परीक्षा कार्यक्रम यथावत संचालन हुनेछ।

१६. कुनै पनि नक्कली परीक्षार्थी पाइएमा नियमानुसार कार्वाही गरिने छ।

डिल्लीराम तिमिल्सेना
(सहायक पाँचौ)

रत्नवीर कठायत
(अधिकृत छैठौं)



Scanned with CamScanner